म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

सम्वृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्ष:१६ अङ्क:- १०३ २०८१ फागुन १८ गते आइतबार 2 March 2025, Sunday - पृष्ठ ४ मूल्य रु. ५/-




## भीम विराग प्रतिष्ठानद्वारा ११ जनालाई सम्मान




सम्मानपछि खिचिएको सामुहिक तस्वीर ।

समाज संवाददाता

हेटौंडाः भीम विराग संगीत, साहित्य, कला प्रतिष्ठानले विभिन्न विधाका ११ जनालाई सम्मान गरेको छ । शनिबार हेटौंडामा एक समारोहका बीच प्रतिष्ठानले विभिन्न विधाका ११ जना व्यक्तित्वलाई सम्मान गरेको हो ।

भीम विराग संगीत, साहित्य, कला प्रतिष्ठानका अध्यक्ष केशवलाल श्रेष्ठको सभाध्यक्ष तथा हेटौंडा उपमहानगर पालिकाका नगर प्रमुख मीनाकुमारी लामाको प्रमुख आतिथ्यमा सम्मान तथा पुरस्कार वितरण कार्यक्रम भएको हो । भीम विराग राष्ट्रिय साहित्य पुरस्कार-२०८१ काठमाडौंकी माया ठकुरीलाई प्रदान गरिएको छ । भीम विराग राष्ट्रिय संगीत पुरस्कार-२०८१ बाट रुपन्देहीका गायक हेमन्त शर्मा र भीम विराग राष्ट्रिय कला पुरस्कार-२०८१ बाट मकवानपुरका कलाकार भोलाराज सापकोटा सम्मानित हुनुभएको हो । भीम विराग राष्ट्रिय पत्रकारिता पुरस्कार-२०८१ बाट काठमाडौंका पत्रकार/साहित्यकार ठाकुर बेल्वासेलाई नगद २५ हजार रुपैयाँसहित सम्मान गरिएको छ ।

यस्तै, तुलसीमाया-शिवकुमारी सृजनशील नारी पुरस्कार-२०८१ बाट मकवानपुरकी महिला उद्यमी शोभा श्रेष्ठ, शिला नारी पुरस्कार-२०८१ बाट मकवानपुरकी महिला उद्यमी मेनका श्रेष्ठ, चिनुकुमारी लामा स्मृति साहित्य पुरस्कार-२०८१ बाट मकवानपुरका साहित्यकार/बाल साहित्य अभियानकर्मी दीपक गौतमलाई १५ हजार रूपैयाँ नगद राशिसहित सम्मान गरिएको छ । भीम-मथुरा बाल प्रतिभा पुरस्कार-२०८१ बाट मकवानपुरकी मेधावी विद्यार्थी रितिका छत्कुली, मंगलादेवी स्मृति स्वास्थ्य सेवा पुरस्कार-२०८१ बाट मकवानपुरकी स्वास्थ्यकर्मी निर्मला ब्लोन, अजित सेन-कमलेश्वरी गुप्ता भिन्न क्षमता पुरस्कार-२०८१ बाट मकवानपुरका दृष्टिविहीन मेकानिक सुदर्शन ढकाललाई १० हजार रुपैयाँ नगदसहित पुरस्कृत गरिएको छ । रामकृष्ण बानियाँ स्मृति लोक संगीत पुरस्कार-२०८१ बाट पर्वतका लोकदोहोरी गायक कुलेन्द्र विश्वकर्मालाई २० हजार राशिसहित सम्मान गरिएको छ । पुरस्कार वितरण समारोहमा हेटौंडा उपमहानगर पालिका ४ नम्बर वडाका वडाध्यक्ष नवीन सिग्देललगायतको आतिथ्य रहेको थियो ।

## यातायात क्षेत्रका समस्या हल गर्न सरकार प्रयत्नरत छ : मुख्यमन्त्री लामा

समाज संवाददाता

हेटौंडा : बागमती प्रदेशका मुख्यमन्त्री बहादुरसिंह लामाले यातायात क्षेत्रका समस्याहरु हल गर्न सरकार प्रयत्नरत रहेको बताउनुभएको छ । उहाँले यातायात व्यवसायीको विगतदेखि कै समस्या समाधान गर्न प्रदेश सरकार प्रतिवद्ध भएर काम गरिरहेको बताउनुभयो ।



साधारणसभालाई सम्बोधन गर्नुहुँदै मुख्यमन्त्री लामा ।

नारायणी यातायात व्यवसायी संघ हेटौंडाको ३६ औं वार्षिक साधारण सभाको शनिबार उद्घाटन गर्नुहुँदै मुख्यमन्त्री लामाले यातायात व्यवसायीलाई समस्या बनाइरहेका ऐन, कानूनहरु परिमार्जन गर्न प्रदेश सरकारले छलफल प्रारम्भ गरेको बताउनुभयो । सरोकारवालाको सुझावसहित यातायातसँग सम्बन्धित ऐन, कानून संशोधन गर्न सरकारले तयारी गरिरहेको उहाँको भनाई छ । मुख्यमन्त्री लामाले बीमालाई व्यवस्थित गर्न सम्बन्धित पक्षहरुसँग छलफल अघि बढाएको बताउनुभयो । दुर्घटनामा परेका व्यक्तिहरुको औषधि उपचारमा सघाउ पुऱ्याउन कोष स्थापना गर्ने प्रदेश सरकारले तयारी गरेको उहाँले जानकारी दिनुभयो ।

कार्यक्रममा श्रम, रोजगार तथा यातायातमन्त्री प्रेमभक्त महर्जनले प्रदेश सरकारको महत्वपूर्ण राजश्वको स्रोत यातायात क्षेत्र रहेको बताउनुभयो । उहाँका अनुसार प्रदेश सरकारले गत आर्थिक वर्षमा यातायात क्षेत्रबाट १३ अर्ब रुपैयाँ भन्दा बढी राजश्व संकलन गरेको छ । प्रदेश सरकारले यातायात क्षेत्रलाई राजश्वको वृद्धिले मात्र नहेरेको उहाँले दावी गर्नुभयो । सरकारले यातायात व्यवसायीसँगै सो क्षेत्रमा संलग्न कामदारहरुको विषयमा पनि योजनावद्ध रुपमा काम गरिरहेको उहाँले बताउनुभयो । यातायात क्षेत्रलाई व्यवस्थित ढंगले सञ्चालन गर्न मन्त्रालयले गृहकार्य गरिरहेको उहाँको भनाई छ ।

संघले हेटौंडामा मुख्यालय रहेको मानवसेवा आश्रमलाई नगद ५१ हजार रुपैयाँ सहयोग गरेको छ भने लामो समयदेखि दुर्घटना नगराउने ५ जना चालक क्रमशः हेटौंडाका अर्जुन भुर्तेल, ध्रुवलाल श्रेष्ठ, काठमाडौंका सुरेश श्रेष्ठ, चितवनका भोला थापा र रौतहटका रामपुकार रायलाई जनही नगद १० हजार रुपैयाँसहित सम्मान गरेको छ ।

## एसईई परीक्षाको तयारी क्याम्प सञ्चालन

समाज संवाददाता

हेटौंडाः माध्यमिक शिक्षा परीक्षा (एसईई) नजिकिँदै जाँदा विद्यार्थी तथा विद्यालयले तयारीलाई तिब्र पारेका छन् । एसईई परीक्षाको तयारीका लागि हेटौंडा-१५ का जनजागृति माध्यमिक विद्यालय र चुरियामाई माध्यमिक विद्यालयले संयुक्तरुपमा एसईई क्याम्प सञ्चालन गरेका हुन् ।

आगामी चैत ७ गतेबाट सुरु हुने एसईईलाई मध्यनजर गर्दै गत माघ १३ गतेबाट क्याम्प सञ्चालन गरिएको छ । जनजागृति माध्यमिक विद्यालयमा सञ्चालित क्याम्पमा ५१ जना विद्यार्थी सहभागी छन् । जनजागृति माध्यमिक विद्यालयका २५ जना र चुरियामाई माध्यमिक विद्यालयका २६ जना विद्यार्थी क्याम्पमा सहभागी रहेको जनजागृति माध्यमिक विद्यालयकी शिक्षक माया पौडेलले जानकारी दिनुभयो ।

वडाअध्यक्ष, विद्यार्थी, अभिभावक र विद्यालयको लामो प्रयासपछि क्याम्प सञ्चालन गरिएको उहाँले बताउनुभयो । एसईईको तयारीमा रहनुभएका हेटौंडा-१४, नयाँबस्तीका सुजित थिङले एसईई क्याम्पबाट पढाइमा केही सुधार भएको बताउनुभयो । 'घरमा बस्दा घरको कामसँगै मोबाइलमा ध्यान जाँदा पढाईमा कम ध्यान जान्थ्यो', थिङले भन्नुभयो- 'विद्यालयले एसईई क्याम्प सञ्चालन गरेर विद्यालयमै बस्ने वातावरण बनाएको छ ।' गणित विषयको अनुपात र विज्ञान विषयको नजानेका विषयवस्तु सिक्न क्याम्पले सहयोग पुगेको उहाँले जानकारी दिनुभयो । एसईईमा करिब ७० प्रतिशत नतिजा हासिल गर्नेमा विश्वस्त रहेको उहाँको भनाइ छ ।

यसैगरी, एसईईकै तयारीमा रहनुभएका हेटौंडा-१५ का दीपशिखा पाख्रिनले क्याम्पमा बसेर एसईईको तयारी गरिरहेकाले पास हुनेमा विश्वस्त रहेको बताउनुभयो । घरमा जस्तो मोबाइलमा समय खेर नजाने भएकाले क्याम्पमा बस्दा पढाइमा सहयोग पुगको उहाँको धारणा छ । हेटौंडा-१५, कर्नेखोलाकी सञ्चिता गोलेले क्याम्पले गर्दा आफूलाई नआएका कुरा शिक्षक तथा साथीबाट सिक्न सकेको बताउनुभयो । एसईईमा पास हुन्छु कि भन्ने आशा बढेको उहाँको भनाइ छ ।

क्याम्प व्यवस्थापनका लागि दुई जना कर्मचारी र पठनपाठनका लागि शिक्षकहरु खटेका छन् । बिहान ६ बजेबाट ११ बजेसम्म र बेलुका ४:३० बजेबाट ७ बजेसम्म शिक्षकले पढाउनुहुन्छ भने अन्य समय विद्यार्थीको पढाइ, खाजा र खानाको लागि समय छुट्याइएको विद्यालयले जनाएको छ ।

## बकैया कला साहित्य महोत्सवमा १० जना सम्मानित

समाज संवाददाता

हेटौंडाः झरना साहित्यिक परिवार मकवानपुरले आयोजना गरेको दुई दिने बकैया कला साहित्य महोत्सव-२०८१ सम्पन्न भएको छ । बकैया-५ स्थित कर्मप्राप्ति माध्यमिक विद्यालयमा विविध क्रियाकलापसहित आयोजित महोत्सव शनिबार समापन गरिएको हो ।

महोत्सवमा पुरस्कार समर्पण, चित्रकला प्रदर्शनी, पत्रिका विमोचन, विभिन्न जातजातिका नृत्य, बकैयाको काव्य महक, समकालीन गजल मुक्तक उत्सव, पालिका अध्यक्षलाई १० प्रश्न, समकालीन काव्य उत्सव, सम्मानित स्रष्टाको रचना वाचन र नवसर्जक रचना वाचन भएको थियो । झरना साहित्यिक परिवार मकवानपुरका अध्यक्ष विश्वनाथ सञ्जेलको अध्यक्षता तथा बकैया गाउँपालिकाका अध्यक्ष धर्मराज लामिछानेको प्रमुख आतिथ्यमा महोत्सव समापन भएको हो ।

महोत्सवको दोस्रो दिन शनिबार होमनाथ-टीकामाया प्रतिभा सम्मान-२०८१ बाट भैरहवाका प्रा.डा. कपिलप्रसाद लामिछानेलाई २१ हजार १ सय २१ राशिसहित सम्मानपत्र प्रदान गरिएको छ । बाबुलाल-भोजमाया स्मृति साहित्य सम्मान-२०८१ बाट मकवानपुरका मुक्तककार देवराज खरेललाई १५ हजार ५ सय ५५ राशिसहित सम्मानपत्रबाट सम्मानित गरिएको छ । खडानन्द-मनमाया प्रतिभा सम्मान-२०८१ बाट मकवानपुरका युवा साहित्यकार बिर्खे अञ्जानलाई ८ हजार ५ सय राशिसहित सम्मानपत्रले सम्मानित गरिएको छ ।

सुशीला दहाल स्मृति सिर्जनशील नारी सम्मान-२०८१ बाट मकवानपुरकी गजलकार बबी थापालाई र सञ्जीवनी बुटी साहित्य सम्मान-२०८१ बाट बाराका नियात्राकार अप्सरा पुडासैनीलाई ७ हजार ७ सय ७७ रुपैयाँ राशिसहित सम्मान गरिएको छ । गोकर्ण गौतम स्मृति पत्रकारिता सम्मान-२०८१ बाट मकवानपुरका ज्योति न्यौपानेलाई ११ हजार १ सय ११ राशिसहित सम्मान गरिएको छ । झरना-बकैया नवप्रतिभा पुरस्कार-२०८१ बाट बकैयाका सन्तोष विकलाई ५ हजार ५ सय ५५ रुपैयाँसहित सम्मान गरिएको छ ।

यस्तै, खिमबहादुर खत्री स्मृति कलाकारिता सम्मान-२०८१ बाट मूर्तिकार ओमभक्त भण्डारी र अपेश्वर-रुक्मिणी-सक्ष्मीदेव खनाल साहित्य सम्मान-२०८१ बाट ललितपुरका रत्न विरही घिमिरेलाई ७ हजार ७ सय ७७ रुपैयाँ राशिसहित सम्मान गरिएको छ । बकैया गाउँपालिकाभित्रका विद्यालयमध्ये उत्कृष्ट शिक्षक-२०८१ बाट बुद्ध माध्यमिक विद्यालयका शिक्षक हरि घिमिरेलाई प्रशंसापत्र प्रदान गरिएको छ ।

**बालबालिकालाई मैत्रीपूर्ण वातावरणमा पढ्न, लेख्न सिकाउन अभिभावक जिम्मेवार बनौं ।**



# सम्पादकीय

## दिनहुँ लागूऔषध बरामद

मकवानपुर जिल्लाका ग्रामीण भेगमा लागूऔषध गाँजा तथा अफिम खेती हुने गरेको छ । मकवानपुरका विभिन्न क्षेत्रमा उत्पादन गरिएका गाँजा, चरेस तथा अफिम बिक्रीका लागि लैजाने क्रममा राजमार्गबाट बरामद हुने गरेको छ । विभिन्न प्रकारका निजी तथा भाडाका सवारी साधनबाट ओसार पसार गरिएका लागूऔषध प्रहरीले बरामद गर्नुका साथै ओसारपसारमा संलग्नलाई पक्राउ गर्दै आएको छ । मकवानपुरको मनहरी गाउँपालिका, हेटौंडा उपमहानगरपालिका, भीमफेदी गाउँपालिका र थाहा नगरपालिकाका राजमार्गमा रहेका प्रहरी चेकपोष्ट तथा प्रहरीले गस्ती गर्ने क्रममा लागूऔषध बरामद हुँदै आएको छ । प्रहरीलाई प्राप्त हुने विशेष सूचनाको आधारमा धेरैजसो लागूऔषध बरामद हुने गरेको भए पनि प्रहरी गस्ती र चेकपोष्टमा गरिने नियमित चेकिङको क्रममा पनि लागूऔषध बरामद हुने गरेको पाइन्छ ।

पछिल्लो समय मकवानपुर प्रहरीले दिनहुँजसो लागूऔषध बरामद गरिरहेको छ । लागूऔषध ओसारपसारमा संलग्नलाई पक्राउ गर्ने काममा पनि प्रहरीको सक्रियता देखिन्छ । फागुनको पहिलो दुई सातामै मकवानपुर प्रहरीले लागूऔषधसहित १३ जनालाई पक्राउ गरेको छ । गत बिहीबार प्रहरीले दुई स्थानबाट लागूऔषध गाँजा र अफिमसहित २ जनालाई पक्राउ गरेको छ । बुधबार पनि प्रहरीले हेटौंडा-३, लेवटबाट लागूऔषध गाँजासहित एक जनालाई पक्राउ गरेको थियो । शनिबार मनहरी-६, नयाँबस्तीबाट रोकिराखेको टाटा सुमोबाट प्रहरीले गाँजा, अफिम र गाँजाको धुलो बरामद गरेको थियो । सुमो चालकलाई काठमाडौंको जोरपाटीबाट प्रहरीले मंगलबार पक्राउ गरेको छ । लागूऔषध ओसारपसारमा संलग्नहरु दिनहुँजसो पक्राउ पर्नुले मकवानपुर जिल्ला लागूऔषधको "ट्रान्जिट प्वाइन्ट" बनिरहेको मान्न सकिन्छ । वीरगञ्ज तथा आसपासका भारतीय सीमा क्षेत्रबाट भित्रिएका औषधिजन्य र अन्य लागूऔषध हेटौंडा हुँदै संघीय राजधानी काठमाडौं तथा देशका पश्चिम क्षेत्रमा लैजाने क्रममा पूर्वपश्चिम राजमार्गबाट र मकवानपुरमै उत्पादन भएको गाँजा, चरेस, अफिमजस्ता लागूऔषध पनि त्रिभुवन राजपथ र पूर्वपश्चिम राजमार्गको विभिन्न स्थानबाट प्रहरीले बरामद गर्ने गरेको छ ।

दिनहुँजसो लागूऔषध बरामद र ओसारपसारमा संलग्नहरुलाई प्रहरीले पक्राउ गरिरहे पनि लागूऔषध कारोबारमा कमी आएको छैन । लागूऔषधसहित पक्राउ परेकालाई प्रहरीले लागूऔषध नियन्त्रण ऐनअन्तर्गत् कारबाही चलाउने र बरामद भएका लागूऔषध नष्ट गर्ने गरेको छ । प्रहरीले दिनहुँजसो लागूऔषध बरामद गर्नुले यसको कारोबार निकै फस्टाइरहेको अनुमान गर्न सकिन्छ । लागूऔषध बरामदमा प्रहरी सक्रियता देखिए पनि प्रहरीले थोरै परिमाणको लागूऔषध बरामद गरिरहेको छ । प्रहरीले लागूऔषधसँगै पक्राउ गरेकाहरु पनि अधिकाँश भरियाको रुपमा प्रयोग भएका हुन्छन् । लागूऔषधको कारोबार गर्ने ठूलो गिरोह र सञ्जाल नै सक्रिय भए पनि मुख्य कारोबारी पक्राउ नहुँदा यसको उत्पादन, ओसारपसार, बेचबिखन तथा सेवन कम हुन सकेको छैन ।

मोटरसाइकल, कारजस्ता निजी र साना-ठूला, मालबाहक-यात्रुबाहक सबै प्रकारका सवारी साधनको प्रयोग गरेर लागूऔषध ओसारपसार हुने गरेको छ । लागूऔषध ओसारपसारका लागि एम्बुलेन्सको समेत प्रयोग हुने गरेको छ । सवारी साधनमा यात्रा गर्ने यात्रु स्वयम्ले बोकेर तथा सवारी साधनमा अन्य सामानसँग मिसाएर लागूऔषध ओसारपसार हुन्छन् । सजिलै थाहा नपाउनेगरी विशेष स्थानमा लुकाएर लागूऔषध एक ठाउँबाट अर्को ठाउँमा पुऱ्याइन्छ । कतिपय सवारी साधनमा गोप्य ठाउँ नै बनाएर पनि लागूऔषध ओसार्ने काम भइरहेको पाइन्छ । प्रहरीले बरामद गर्ने अधिकांश लागूऔषध गाँजा, जुन मकवानपुर जिल्लाकै उत्पादन हो । वर्षेनि गाँजा तथा अफिम खेती फडानी अभियान चलाइरहेको प्रहरीले दिनहुँजसो गाँजा बरामद गर्दा पनि गाँजा खेती अन्त्यका लागि ठोस कार्ययोजना नबनाउनुचाहिँ आश्चर्यजनक मान्नु पर्छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार ११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईंको राशिफल



पं. ज्योतिष: तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : पढाइ–लेखाइका कामहरुमा मन जाने समय छ ।
**वृष** : परिबन्धमा धन व्यय हुने समय योग छ ।
**मिथुन** : परोपकारका काममा समय व्यतित होला ।
**कर्कट** : पढाइ–लेखाइका कामहरु मध्यमकारक होलान् ।
**सिंह** : अध्ययन–अध्यापनमा सफलता प्राप्त हुनेछ ।
**कन्या** : धार्मिक र सामाजिक काममा सरिक भइनेछ ।
**तुला** : पढाइ–लेखाइ मध्यमकारक रहेको देखिन्छ ।
**वृश्चिक** : परोपकार र धार्मिक कृत्यमा समय व्यतित होला ।
**धनु** : कमी कमजोरीप्रति प्रायश्चित्त गर्नुपर्ने योग छ ।
**मकर** : सामाजिक र धार्मिक काममा सरिक भइने समय छ ।
**कुम्भ** : राम रमाइलोमा समय व्यतित हुने समय योग छ ।
**मीन** : नसोचेको क्षेत्रबाट मान सामान प्राप्त हुने समय छ ।

# चन्द्रले हराउन नसकेको इन्द्र



✍ बिशभ अधिकारी

इन्द्र बानियाँ मकवानपुरमा चिनाई रहनु पर्ने नाम होइन । यी नेपाली राजनीतिमा चर्चामा आइरहने नेता हुन् । विशेषगरी मकवानपुर कर्मथलो रहेका बानियाँ पटक-पटक सांसद र मन्त्री भइसकेका व्यक्ति हुन् । मकवानपुरको राजनीति उनको वरिपरि घुम्ने गरेको देखिन्छ । पछिल्लो समय, यिनी जुन क्षेत्रबाट लडे पनि हराउन सकिँदैन भन्ने कथन छ । नेपाली कांग्रेसको तरुण दलको सभापति, नेपाली कांग्रेसको मकवानपुर जिल्ला सभापति हुँदै बागमती प्रदेशको अध्यक्ष रहेका बानियाँ राजनीतिका कुशल खेलाडी हुन् ।

राष्ट्रिय राजनीतिमा भन्दा पनि उनको वास्तविक शक्ति स्थानीय राजनीतिमा देखिन्छ । पूर्व गृह राज्यमन्त्री समेत भइसकेका बानियाँ स्थानीय राजनीतिक जोडघटाउमा चतुर छन् । पछिल्लो समय गठबन्धन, पार्टीभित्रको सन्तुलन, आफ्नो अनुकूलता हेरेर यिनको समर्थन जसले पाउँछ, उसले चुनाव जित्छ; जसले पाउँदैन, उसको पराजय निश्चित जस्तै हुन्छ। कांग्रेस मकवानपुर पार्टीभित्रको जोडघटाउका कारण यिनी पार्टीभित्र सर्वसम्मत छैनन् । मकवानपुरको राजनीतिमा उनले आफ्नो पकड बलियो बनाउन माओवादी केन्द्र र अन्य दलहरुसँग सहकार्य गर्ने नीति अपनाएका छन् ।

बानियाँको राजनीतिक शैलीलाई 'व्यावहारिक शक्ति सन्तुलन' भन्न सकिन्छ । उनी विचारधारात्मक रूपमा कठोर छैनन्, बरु सत्ता समीकरण मिलाएर आफू र आफ्ना समूहलाई सुरक्षित राख्ने खालको राजनीतिमा विश्वास गर्छन्। उनी प्रत्यक्ष रूपमा आन्दोलनमुखी नेता नभए पनि, मकवानपुरको राजनीति कसरी अघि बढ्छ भन्ने कुरामा उनी नै निर्णायक छन् । उनी राजनीतिक रूपमा व्यावहारिक देखिन्छन् भने, सञ्जाल निर्माणमा कुशल र सत्ता सन्तुलन कायम गर्न माहिर नेता मानिन्छन् ।

यति हुँदाहुँदै पनि यिनले गत निर्वाचनमा आफ्नै पार्टीका नेतालाई अन्तरघात गरेर हराएको आरोप छ । टिकटको होडबाजी, पार्टी अध्यक्षको निर्वाचनदेखि नै मकवानपुर कांग्रेस इन्द्र बानियाँ-डिना समूहमा विभक्त छ । त्यसपछिका निर्वाचनहरूमा कांग्रेसले कांग्रेसलाई हराउन उद्दत देखियो । कांग्रेसभित्रको यही यदुवंशी लडाइँले सबैलाई ठूलो नोक्सानी पुऱ्यायो । विवादरहित रूपमा मुख्यमन्त्री हुनुपर्ने बानियाँलाई मुख्यमन्त्री हुनबाट रोक्ने काम भयो । मकवानपुरले मुख्यमन्त्री गुमायो ।

इन्द्र बानियाँ मुख्यमन्त्री हुँदा मकवानपुरलाई घाटा थिएन । जसरी डोरमणि पौडेल मुख्यमन्त्री भएको कारणले बागमती प्रदेशको राजधानी हेटौंडा भएको सबैलाई सर्वविदितै छ। गणित र संख्याको आधारमा हेटौंडा राजधानी हुन असम्भव थियो । डोरमणि सरको पहलकदमी यस मानेमा प्रशंसायोग्य छ । मकवानपुरको मुख्यमन्त्री भएको फाइदा हो यो । त्यस्तै, इन्द्र बानियाँ भएको भए सायद राजधानी अनुकूलको पूर्वाधार निर्माण हुन सक्थ्यो ।

हेटौंडा राजधानी त भयो, तर त्यस अनुरूपको संरचना बन्न सकेको छैन । त्यसैले होला, पूर्व मुख्यमन्त्री शालिकराम जम्मरकट्टेलले आफू मुख्यमन्त्री हुँदा राजधानी सार्ने उद्घोष गरेका थिए। आखिर किन राजधानी भएको स्थानमा स्थायी संरचना बनाउन ढिलासुस्ती भइरहेको छ ? संघीयताप्रति नै विश्वास नभएर पक्कै होइन होला । मकवानपुरवासीलाई यहीँको जनप्रतिनिधि, मन्त्री, मुख्यमन्त्री हुँदा विकासको कामले तीव्रता पाउँछ भन्ने नै हो । इन्द्र बानियाँले यो मौका गुमाउनु भयो । एकातिर चुनावी गठबन्धन रहँदा रहँदै पनि यिनले अघोषित रूपमा अर्को गठबन्धन बनाए, जुन राजनीतिक रूपमा बिल्कुलै बेठिक थियो । राजनीतिक घटनाक्रमहरूले पनि ती कदम गलत सावित गरिदिए ।

तर, यिनले जिताउन चाहेको व्यक्ति चुनाव भने सजिलै जित्दै आएको देखियो । पछिल्लो १२ नम्बर वडाको उपनिर्वाचनको परिणामले पनि यो कुरालाई पुष्टि गरेको छ। इन्द्र बानियाँको अर्को बलियो पक्ष भनेको 'स्थानीय स्रोतसाधन' व्यवस्थापन हो । मकवानपुरको ठेक्का प्रणाली, उद्योग, व्यापार र विकास परियोजनाहरुमा उनको प्रत्यक्ष वा अप्रत्यक्ष प्रभाव रहेको देखिन्छ । यिनी स्थानीय ठेकेदार, व्यवसायी र शक्ति केन्द्रहरूसँग राम्रो सम्बन्ध बनाउन सक्षम छन्, जसले उनलाई आर्थिक र राजनीतिक रूपमा सशक्त बनाएको छ। मकवानपुरमा निर्माण क्षेत्रमा संलग्न व्यवसायीहरूसँग उनको राम्रो सम्बन्ध रहेको चर्चा चल्ने गर्छ । उनले व्यापार, व्यवसाय तथा अन्य पूर्वाधार विकासका काममा प्रत्यक्ष रूपमा प्रभाव राख्ने गरेको छ भनिन्छ । यसले उनी राजनीतिक रूपमा मात्र होइन, आर्थिक रूपमा पनि बलियो सञ्जाल बनाउन सफल भएको देखिन्छ ।

यही कारण हो, इन्द्र बानियाँको प्रभाव निर्वाचनमा देख्न सकिन्छ। नेपालको स्थानीय राजनीतिमा नेताहरूको व्यक्तिगत प्रभाव अत्यन्त महत्वपूर्ण हुन्छ । इन्द्र बानियाँ जस्ता नेताले जसलाई समर्थन गर्छन्, त्यसले चुनाव जित्ने सम्भावना उच्च हुन्छ । यसको पछाडि तीनवटा कारण छन् । पहिलो, स्रोतसाधनको पहुँच । बानियाँको समर्थन पाउने उम्मेदवारले आर्थिक, राजनीतिक र व्यवस्थापकीय लाभ पाउने गर्छ । चुनाव जित्नका लागि स्रोतसाधन आवश्यक हुन्छ, र बानियाँको समर्थन पाउने उम्मेदवारलाई यो सजिलै उपलब्ध हुन्छ । दोस्रो, स्थानीय सत्ता सञ्जाल । मकवानपुर कांग्रेसभित्र बानियाँ समूह बलियो छ, जसले उनी समर्थन गर्ने उम्मेदवारलाई संस्थागत रूपमा बलियो बनाउँछ। पार्टीको निर्णय प्रक्रियामा उनको प्रभाव रहने भएकाले, जसले उनको साथ पाउँछ, उसले संगठनात्मक रूपमा पनि लाभ उठाउँछ ।

तेस्रो, व्यवहारिक राजनीतिक कूटनीति । इन्द्र बानियाँ आवधिक रूपमा गठबन्धन परिवर्तन गर्न सक्ने नेता हुन् । जबसम्म उनी स्वयं सशक्त छन्, तबसम्म उनी आफ्नो समीकरण मिलाउन माहिर देखिन्छन् । तर, जसले बानियाँको समर्थन गुमाउँछ, उसले न पार्टीभित्र समर्थन पाउँछ, न बाहिरी स्रोतसाधन । फलस्वरूप, उसले चुनावमा पराजय भोग्ने सम्भावना उच्च रहन्छ । इन्द्र बानियाँको राजनीतिक प्रभाव व्यापक भए पनि, उनको शैली आलोचनाबाट मुक्त छैन । एकातिर, उनले नेपाली कांग्रेसलाई मकवानपुरमा सशक्त बनाएका छन्, स्थानीय विकास परियोजनामा सक्रिय भूमिका खेलेका छन्, र पार्टीभित्र सहमतिको राजनीति गर्न खोजेका छन् । अर्कोतिर, उनको शक्ति केन्द्रित शैली, गुटबन्दी प्रवृत्ति र व्यावसायिक राजनीतिसँगको नजिकपनले उनलाई विवादित बनाएको छ । उनको सबैभन्दा ठूलो कमजोरी भनेको गुटबन्दी संस्कृति हो । पार्टीभित्र शक्ति सन्तुलन राख्ने नाममा उनले आफ्ना मानिसहरूलाई मात्र अगाडि बढाउने गरेको आरोप छ। यसले नयाँ पुस्ताका नेताहरुलाई पछाडि धकेल्ने काम गरेको छ ।

इन्द्र बानियाँको राजनीतिक शैलीले उनलाई मकवानपुरमा एक प्रमुख शक्ति केन्द्र बनाएको छ । जसले उनको समर्थन पाउँछ, उसले लाभ उठाउँछ; जसले पाउँदैन, ऊ कमजोर बन्छ । उनले आफ्नो प्रभावशाली शक्ति संरचनालाई प्रयोग गर्दै स्थानीय राजनीतिमा निर्णायक भूमिका खेलेका छन् । तर, यो शैली दीर्घकालीन रूपमा सफल रहन्छ कि रहँदैन, त्यसको मूल्याङ्कन समयले गर्नेछ । अबको चुनौती भनेको, उनी आफ्नो शक्ति प्रयोग गरेर पार्टीभित्र नयाँ नेतृत्वलाई स्थान दिने कि व्यक्तिगत प्रभावलाई निरन्तर बलियो बनाउने भन्ने हुनेछ ।

यदि उनले नयाँ पुस्तालाई अवसर दिन्छन् र लोकतान्त्रिक प्रक्रियालाई बलियो बनाउनेतर्फ ध्यान दिन्छन् भने, उनको राजनीतिक प्रभाव दीर्घकालीन हुन सक्छ । तर यदि उनी गुटबन्दीमा मात्र सीमित रहन्छन् भने, आगामी पुस्तामा उनको प्रभाव घट्दै जाने सम्भावना र हन्छ । ईन्द्र बानियाको आगामी राजनीतिक चुनौतिपूर्ण छ । एकातिर सिङ्गै कांग्रेसको लोकप्रियता बढ्दो छैन । एमालेसँगको गठबन्धनपछि कांग्रेस पनि बदनाम भएको छ । अझ भ्रष्ट्राचारको आरोपले कांग्रेस-एमाले दुबैलाई २०८४ को निर्वाचन भारि पर्ने देखिन्छ ।

आउँदो २०८४ मा इन्द्र बानियाको जादू फेरि चल्छ त पक्कै चल्दैन, यहि निर्वाचनमा त केहि स्वतन्त्र उम्मेदवारलाई उम्मेदवारी फिर्ता नगरेको भए चुनाव हार थियो नै, आछ्यू आछ्यू परेको अवस्था हो । तर आगामी निर्वाचनको ट्रेण्ड अर्कै हुन सक्छ । कांग्रेस-एमालेको विकल्प खोजिन सक्छ, स्वतन्त्रको लहर आउन सक्छ। जे पनि हुन सक्छ त्यस्तो अवस्थामा इन्द्र बानियाँको चलाखीले अब काम नगर्ला, फेरि कति पटक भोट हालिरहने भन्ने प्रश्न आउला । राजनीतिले सक्षम अनुहार खोजेको छ । मकवानपुरले पनि खोजेको छ । कमल थापा, डिना, बिरोध खतिवडा, डोरमणि, अनन्त, इन्द्र बानिया, छिन्तु, कुमारी यि यस्ता मकवानपूरका चर्चित अनुहार हुन् । यिनलाई भोट हाल्दा हाल्दा जनता दिक्क भैसकेका छन् । कति पटक उठ्ने, यिनलाई सम्मान गरौं । अब नयाँ पुस्ताका नयाँ अनुहार महेश बर्तौला यसका उदाहरण हुन् । नयाँ पढेका, देश बनाउने हुटहुटी भएकाहरू अबको जनताको रोजाई बन्नुपर्छ ।

यो आलेखमा इन्द्र बानियाँको चर्चा गरियो । उहाँप्रति यो लेखकको सम्मान छ । अब कांग्रेसलाई घात अन्तरघातबाट माथि उठाउनुस् । हिजो सँगै काम गरेका साथी आनन्द पराजुली जस्ता व्यक्ति अनाहकमा पार्टी भित्रको बेमेलले पटक पटक निर्वाचन हार्न विवश भएका छन् । आफ्नै साथी हार्दा खुसी हुनुपर्ने यदुवंशीय लडाईको अन्त्य अबिलम्ब गर्नुस् । फल भएको रुख झुक्छ, तपाईले कांग्रेस मिलाउनुस्, अपवित्र साँठगाँठक गरेर भोट अन्य पार्टीलाई खन्याउने कामले आफ्नै कार्यकर्ताको मनोबल कमजोर हुन्छ । तपाईलाई मूख्यमन्त्रीमा रोक्दा पनि कार्यकर्ता र मकवानपुरवासी पनि निराश भएका थिए ।

२०८४ को निर्वाचनमा कांग्रेस एक भएर उभिएको हेर्न मन छ । मानिसहरू भन्छन्, चन्द्रले पनि हराउन नसकेको इन्द्र, के २०८४ मा त्यो सम्भव होला ? प्रतीक्षा गरौं। गगन नै सभापति भएर आए कांग्रेसमा नयाँ रक्तसञ्चार हुन्छ नै। त्यसले देशव्यापी प्रभाव बढाउँछ नै । त्यस पृष्ठभूमिमा मकवानपुर कांग्रेसमा पनि नयाँ उत्साह थपिन्छ नै । इन्द्र बानियाँले अब उदारता देखाउन जरुरी छ। मकवानपुरमा पार्टीलाई तपाईंको नेतृत्वमा नयाँ शिराबाट अगाडि बढाउनुहोस् । हाम्रो शुभकामना छ। अस्तु ।

# ८ सहज सूत्र, दाम्पत्य जीवन कसरी मधुर बनाउने ?

एउटा अध्ययनको रमाइलो निचोड थियो, 'एक वर्षमा पति-पत्नीको ३६५ दिन नै ठाकठुक पर्छ। तर, सबै दम्पतीको हकमा यस्तो नहुन सक्छ। किनभने दम्पती पनि एकैनासका हुँदैनन्, फरक-फरक हुन्छन् । यसबारे पनि एउटा गजब वर्गीकरण गरिएको छ, जस अनुसार ६ प्रकारका दम्पती हुन्छन् ।

**१. परिपक्क दम्पती**
**२. देखावटी दम्पती**
**३. नौटंकी दम्पती**
**४. रोमान्टिक दम्पती**
**५. सन्तुलित दम्पती**
**६. बेपर्वाह दम्पती**




सामान्य जस्तो लाग्न सक्छ तर दम्पती भनेको सम्पूर्ण परिवारको पूर्ण मियो हो । दम्पतीबीचको सम्बन्ध कस्तो छ ? त्यसै अनुरुप उनीहरुको पारिवारिक संरचना निर्माण हुने हो। अत: दाम्पत्य जीवन जति धेरै मधुर, पारदर्शी, विश्वसनीय, सहयोगी हुन्छ उत्तिनै राम्रो हुन्छ उनीहरुको परिवार पनि । दाम्पत्य जीवनलाई कसरी बलियो र रसिलो बनाउने त ?

### विगतको गल्तीलाई नकोट्याउने

विगतका राम्रा पक्षबारे कुरा गर्नुपर्छ। तर, विगतमा भएका नराम्रो कुरा र गल्तीलाई कोट्याउनु हुँदैन । विगतको कुराले पार्टनरलाई अप्ठेरो पर्नेछ भने त्यस्तो कुरा गर्नुहुँदैन । एक अर्काको भावनालाई ध्यानमा राखेर कुरा गर्दा दाम्पत्य जीवन सुखमय बनाउन सकिन्छ ।

### आलोचना गर्नु छ भने पनि मायाले गर्ने

वैवाहिक जीवनमा प्रेम र विश्वास कायम राख्न दुवैले कहिँलेकाँही एक अर्काको आलोचना गर्नु जरुरी हुन्छ। तर, आलोचना गर्दा ठूलो स्वरमा झर्केर गर्नु भन्दा सानो स्वरमा मायालु शब्दले गर्नु राम्रो हुन्छ । तिमीले यो कुरा अलि बिगारेछौं यसलाई यसरी सुधार्ने भनेर सुझाव सहितको आलोचनाले दाम्पत्य जीवनलाई थप सुमधुर बनाउँछ ।

### विवादलाई नसुल्झाई सुत्न हुँदैन

यदि कुनै दम्पती दिनभर झगडा गरेर त्यो कुरा नसुल्झाई रिसाएर सुत्छन् भने त्यो कुराले फेरि भोलिपल्ट झगडा पर्न सक्छ । त्यसैले कुनै कुरामा विवाद भएको छ भने त्यसलाई सुल्झाएर मात्र सुत्नुपर्छ । यसो गर्दा त्यो विवादले बढ्न पाउँदैन ।

### एक-अर्काको निर्णयलाई सम्मान गर्ने

यदि आफ्नो पार्टनरको निर्णयलाई सम्मान गरियो भने प्रेम अझै बढ्छ । यसो गर्दा पार्टनरले पनि तपाईंको निर्णयलाई सम्मान गर्छन् । यसले

...बाँकी पृष्ठ ३ मा

# ज्ञानोदय बालबाटिकाका ३२ जना अभिभावक सम्मानित



*अभिभावक दिवसमा सहभागी अभिभावकहरु ।*

समाज संवाददाता

हेटौँडा : हेटौँडा-५ स्थित ज्ञानोदय बालबाटिका आवासीय माध्यमिक विद्यालयले वार्षिकोत्सव तथा अभिभावक दिवसको अवसरमा एक साथ ३२ जना अभिभावकलाई सम्मान गरेको छ । विद्यालयलाई नियमित सल्लाह, सुझाव, सुधार्नुपर्ने विषयमा जानकारी गराउने अभिभावक शंकर कालाखेतीसहित ३२ जनालाई सम्मान गरिएको छ ।

शैक्षिक सुधारका लागि अभिभावकको भूमिका महत्वपूर्ण हुने मनन् गर्दै विद्यालयले विभिन्न कोणबाट सकारात्मक भूमिका निर्वाह गर्ने अभिभावकलाई सम्मान गरेको विद्यालयका सञ्चालक श्यामकुमार बानियाँले जानकारी दिनुभयो । आफ्ना बालबालिकाको सरसफाईमा ध्यान दिने, मासिक शूल्क नियमित र निर्धारित समयभित्र भुक्तानी गर्ने, अग्रीम वार्षिक शूल्क बुझाउने, बालबालिकाको गृहकार्यमा सहयोग गर्ने, लामो विदाको समयमा बालबालिकालाई भ्रमण गराउने, अतिरिक्त क्रियाकलापमा बालबालिकालाई सहभागी हुन उप्रेरित गर्ने अभिभावकलाई सम्मान गरिएको सञ्चालक बानियाँले बताउनुभयो।

विद्यालयको १३ औं वार्षिकोत्सव तथा अभिभावक दिवस शुक्रबार विद्यालय व्यवस्थापन समितिका अध्यक्ष दिप्ती महतको सभाध्यक्ष तथा हेटौँडा उपमहानगर पालिकाको शिक्षा विकास महाशाखाका निमित्त प्रमुख हरिचन्द्र सापकोटाको प्रमुख आतिथ्यमा सम्पन्न भएको हो। कार्यक्रममा गत वर्षको एसईई मा ३.९ जिपीए ल्याउन सफल सलिना धितालालाई नगद १० हजार सहित प्रशंसापत्र प्रदान गरिएको छ । शिक्षक प्रशान्त रेग्मी, बेनु शर्मा पराजुली, आशिष कार्की र श्यामकुमार बानियाँलाई सम्मान गरिएको छ ।

बिहीबार आयोजना गरिएको खाना महोत्सवमा उत्कृष्ट स्टल नेवारी स्टललाई प्रशंसापत्र प्रदान गरिएको विद्यालयका सञ्चालक श्यामकुमार बानियाँले जानकारी दिनुभयो। कक्षागत प्रथम, द्वितीय र तृतीय हुने विद्यार्थीलाई सम्मान गरिएको छ । राष्ट्रपति रनिङ शिल्डमा भलिबलतर्फ प्रथम भएका छात्राहरुलाई सम्मान गरिएको हो। विद्यालयले हरेक वर्ष कक्षागत प्रथम, द्वितीय र तृतीय हुने विद्यार्थीलाई निःशुल्क पढाउँदै आइरहेको छ ।

अभिभावक दिवसमा हेटौँडा-४ का वडाध्यक्ष नवीन सिग्देल, ५ नम्बर वडाध्यक्ष सुशील घिमिरे, निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन नेपाल (प्याब्सन) मकवानपुरका अध्यक्ष विनोद सुवेदी, प्याब्सन हेटौँडा उपमहानगर समितिका अध्यक्ष रामकुमार श्रेष्ठ, शिक्षा विकास महाशाखाका अधिकृत रामेश विडारीको आतिथ्य रहेको थियो । १० कक्षासम्म पठनपाठन हुने ज्ञानोदय बालबाटिका आवासीय माध्यमिक विद्यालयमा ४ सय २५ जना विद्यार्थी अध्ययनरत छन् ।

# क्रियाशील विद्यार्थीद्वारा शिक्षक, कर्मचारीलाई सम्मान



*सेवानिवृत्त कार्यालय सहयोगी अर्जुन रिजाललाई सम्मान गरिँदै ।*

समाज संवाददाता

हेटौँडा : हेटौँडा-४, कर्रास्थित श्रमिक माध्यमिक विद्यालयका पूर्वविद्यार्थीले स्थापना गरेको श्रमिक क्रियाशील विद्यार्थी समूहले सेवानिवृत्त शिक्षक र कर्मचारीलाई सम्मान गरेको छ। अनिवार्य अवकास पाउनुभएका शिक्षक सुरेश महतो, स्वेच्छिक अवकास लिनुभएकी शुभद्रा पाण्डे र कार्यालय सहयोगी अर्जुन रिजाललाई शुक्रबार समूहको छैठौं वार्षिक साधारणसभाको अवसरमा दोसल्ला ओढाएर सम्मान गरेको छ ।

समूहकी अध्यक्ष सपना लामाको अध्यक्षता तथा विद्यालयका प्रधानाध्यापक श्रीराम दहालको प्रमुख आतिथ्यमा वार्षिक साधारणसभा भएको हो । विद्यालय जीवनमा आफूहरुलाई महत्वपूर्ण ज्ञान, शिक्षा प्रदान गरेको भन्दै सेवानिवृत्त शिक्षक र सहयोगी कर्मचारीलाई सम्मान गरिएको हो । श्रमिक क्रियाशील विद्यार्थी समूहले श्रमिक माविमा स्थापनाकालदेखि नै सहयोग गर्दै आएको छ। २०७५ सालमा स्थापना भएको समूहले हालसम्म १ सय २१ जना विद्यार्थीलाई पूर्ण छात्रवृत्ति प्रदान गर्दै आएको छ। विद्यालयको पूर्वप्राथमिक कक्षा विस्तार गर्न ५० हजार रुपैयाँ सहयोग गरेको समूहले विद्यालयको अक्षयकोषमा ५५ हजार ५ सय ५५ रुपैयाँ सहयोग गरेको छ । शुक्रबार नै समूहले छैठौं वार्षिक साधारणसभा समेत सम्पन्न गरेको छ ।

साधारणसभाको अवसरमा समूहले विद्यालयमा वार्षिक ३ वटा अतिरिक्त क्रियाकलापका लागि प्रायोजकको भूमिका निर्वाह गर्ने निर्णय गरेको जानकारी गराएको छ । समूहले आफू पढेको विद्यालयमा कुनै पनि विद्यार्थीले शैक्षिक सामग्री र शिक्षण शूल्क तिर्न नसकेकै कारण पढाईबाट बञ्चित हुन नपरोस् भनी सहयोग गरिरहेको अध्यक्ष सपना लामाले जानकारी दिनुभयो । कार्यक्रममा प्रधानाध्यापक श्रीराम दहालले विद्यालयको अवस्थाका बारेमा जानकारी गराउनुहुँदै आगामी शैक्षिकसत्रका लागि कक्षा-९ मा अंग्रेजी माध्यमको कक्षा र पूर्वप्राथमिक तहको एउटा कक्षा सञ्चालन गर्न कक्षाकोठाको अभाव हुने अवस्था आएको जानकारी दिनुभयो ।

विद्यालयप्रति अभिभावक, समुदायको विश्वास बढ्दै गएको जानकारी दिनुहुँदै प्रधानाध्यापक दहालले ४ तल्लाको १८ कोठे निर्माणाधिन अवस्थामा रहेको बताउनुभयो । उहाँले पूर्वविद्यार्थी विद्यालयको सम्पत्तिको रुपमा रहेको बताउनुभयो । कार्यक्रममा श्रमिक पूर्वविद्यार्थी समाजका अध्यक्ष सुरेश श्रेष्ठको पनि आतिथ्य रहेको थियो ।

# अनेमसंघ (क्रान्तिकारी) को अध्यक्षमा सानुमाया

समाज संवाददाता

हेटौँडा : अखिल नेपाल महिला संघ (अनेमसंघ) क्रान्तिकारी मकवानपुरको अध्यक्षमा सानुमाया सी चयन हुनुभएको छ । शुक्रबार हेटौँडा-१९, बस्तीपुरमा भएको तेश्रो भेलाले सानुमाया सी को अध्यक्षतामा १९ सदस्यीय समिति चयन गरेको हो । अनेमसंघ क्रान्तिकारीको उपाध्यक्षमा अनिशा सी, सचिवमा शान्ति सी, सहसचिवमा विपना सी, कोषाध्यक्षमा शुक्रमाया चयन हुनुभएको छ ।

अनेमसंघ क्रान्तिकारी मकवानपुरका संयोजक सानुमाया सीको अध्यक्षतामा तथा नेकपाका केन्द्रीय सदस्य तथा अनेमसंघ क्रान्तिकारीकी केन्द्रिय उपाध्यक्ष भृकुटी सीको प्रमुख आतिथ्यमा अधिवेशनको उद्घाटन समारोह भएको हो। नेकपाका केन्द्रिय सदस्य तथा मकवानपुरका जिल्ला इन्चार्ज राम सीले १० वर्षे जनयुद्धले महिलालाई घरदेखि बाहिर आएर मन्त्री तथा सभासद् बन्न सक्ने साहस र क्षमता प्रदान गरेको बताउनुभयो। उहाँले नेपाली विशेषताको समाजवादी व्यवस्था स्थापनार्थ आन्दोलनरुपी रथको एक पांग्राको रुपमा महिलाहरु सहभागी हुनुपर्ने बताउनुभयो ।

अधिवेशनको अवसरमा साहसी महिला माइलीमाया थोकरलाई सम्मान गरेको छ । महिलाहरु केवल घरायसी कामकाज र बच्चा जन्माउने साधनको रुपमा मात्र प्रस्तुत नभई पुरुष बराबर आर्थिक आयआर्जनको कार्यमा पनि सहभागी भई अधुरो रहेको क्रान्तिलाई पूरा गर्ने आन्दोलनमा जुट्नुपर्ने सम्मानित महिला माइलीमाया थोकरले बताउनुभयो ।

कार्यक्रममा नेकपाका केन्द्रिय सदस्य तथा मकवानपुर जिल्ला सेक्रेटरी पेमा सी, केन्द्रिय प्रतिनिधि समिति सदस्य तथा जिल्ला सचिवालय सदस्य एवम हेटौँडा उपमहानगरपालिका इन्चार्ज विवेक सी र अखिल (समाजवादी) का केन्द्रिय सचिवालय सदस्य तथा मकवानपुरका इन्चार्ज एवम नेकपा मकवानपुरका सचिवालय सदस्य तथा मनहरी गाउँपालिका सेक्रेटरी सूर्य सीले पनि शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो। कार्यक्रममा अखिल (समाजवादी) का केन्द्रिय सदस्य तथा मकवानपुरका जिल्ला अध्यक्ष सुवास सी, अखिल ट्रेड युनियन महासंघका केन्द्रिय सदस्य तथा मकवानपुरका अध्यक्ष सुकुलाल सी लगायतको आतिथ्य रहेको छ।

# ८ सहज सुत्र...

दुईबीचको समझदारी बढाउँछ र दाम्पत्य जीवनलाई पनि सुमधुर बनाउँछ ।

**दुनियाँको वास्ता नगर्ने, एक अर्कालाई विश्वास गर्ने**

श्रीमान-श्रीमतीको सम्बन्ध विश्वासमा आधारित हुन्छ । त्यसैले एक अर्काको कुरा सुन्ने र त्यसमा विश्वास गर्नुपर्छ । यदि पति वा पत्नीले आफ्नो पार्टनरको कुरामा विश्वास नगरेर अन्य व्यक्तिको कुरा सुनेर त्यसमा विश्वास गर्दा सम्बन्ध बिग्रन सक्छ ।

**एक-अर्का बीच भएको बहसमा एक जनालाई जित्न दिने**

पति वा पत्नी कुनै पनि मुद्दामा सधैं सही हुनु आवश्यक छैन । पहिले आफ्नो पार्टनरको कुरा पूरा सुन्नुपर्छ र त्यसपछि मात्र कुनै निर्णय लिनुपर्छ । म सही छु भनेर ढिपी गर्नु हुँदैन। वैवाहिक जीवनलाई राम्ररी चलाउनका लागि, जुनसुकै मुद्दाको गहिराइसम्म पुगेर जो सही हो उसलाई जित्न दिनुपर्छ ।

**केही गल्ती गरेको छ भने स्वीकारेर माफी माग्ने**

गल्ती जोकोहीबाट हुनसक्छ । तर, राम्रो सम्बन्ध कायम राख्न त्यो गल्तीलाई स्वीकारेर माफी माग्नुपर्छ । गल्ती भएको अवस्थामा आफ्नो गल्तीका लागि स्वेच्छाले माफी माग्ने र सच्याउन सक्ने क्षमता हुनुपर्छ । यसो गर्दा सम्बन्ध अझै प्रगाढ हुन्छ ।

कुनै कुरामा झगडा पर्दा एक जना शान्त हुने र अर्कोको कुरा सुन्ने

पति-पत्नीबीच सामान्य झगडा र मनमुटाब हुनु स्वाभाविक नै हो। तर, एकको गल्तीलाई अर्कोले औंल्याएर सकारात्मक रूपमा बुझाउन सकिन्छ। एक जना रिसाएका बेला अर्को शान्त भएर उसको कुरा सुनेर उसलाई बुझाउन सक्यो भने झगडा शान्त हुन्छ ।

*(स्रोत: अनलाईनखबर)*

# काभ्रे र धादिङमा ४ जनाको मृत्यु

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशको काभ्रेपलाञ्चोक र धादिङ जिल्लामा एकैदिन ४ जनाको मृत्यु भएको छ । काभ्रेपलाञ्चोक जिल्लामा ३ जना र धादिङमा एक जनाको मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको हो ।

धादिङ जिल्लाको थाक्रे गाउँपालिका-३, बान्द्रेस्थित आग्रा खोलामा माटोको ढिस्कोले पुरिएर एक जनाको मृत्यु भएको छ। मृत्यु हुनेमा थाहा नगरपालिका-११ घर भई हाल बान्द्रे बस्ने २७ वर्षीय राजु बल रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ।

बिहीबार दिउँसो १२ बजेर १५ मिनेटको समयमा माटोले पुरिएर बल र खोटाङ जिल्ला बारापोखरी गाउँपालिका-४ घर भई हाल बान्द्रे बस्ने ४२ वर्षीया नम्रता राई घाइते भएका थिए । घाइते दुबैलाई टाइम्स केयर अस्पताल महादेववेशी लगिएकामा सामान्य उपचार पश्चात् थप उपचारका लागि काठमाडौं ट्रमा सेन्टर लगिएको थियो। बलको साँझ ६ बजेर ४५ मिनेटको समयमा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जानकारी दिएको छ।

काभ्रेपलाञ्चोक जिल्लाको भुम्लु गाउँपालिका-१, सापिङमा भिरबाट लडेर एक जना पुरुषको मृत्यु भएको छ। मृत्यु हुनेमा ३५ वर्षीय श्रीकृष्ण गिरी रहेको प्रहरीले जानकारी दिएको छ । बिहीबार दिउँसो १ बजेर २० मिनेटको समयमा गिरी आफ्नै घरदेखि पर सापिङ आङ्गे खोल्साको तीनतले भिरबाट ४० मिटर तल खसेर मृत अवस्थामा फेला परेका थिए । मृतक गिरी डिप्रेसनको बिमारी रहेको प्रहरीले जानकारी दिएको छ।

काभ्रेपलाञ्चोक जिल्लाको बनेपा नगरपालिका-८, बनेपा नगरपालिका भवन अगाडि एक जना महिला मृत फेला परेकी छन् । मृत फेला पर्नेमा बनेपा नगरपालिका-६, बुडोल बस्ने २३ वर्षीया शर्मिला श्रेष्ठ रहेको प्रहरीले जानकारी दिएको छ । बिहीबार साँझ ६ बजेको समयमा शर्मिला होटल भ्यु एण्ड पाहुना घरको दोस्रो तल्लामा मृत अवस्थामा फेला परेकी थिइन् । शर्मिला बुधबारदेखि हराएकी थिइन् ।

काभ्रेपलाञ्चोक जिल्लाको नमोबुद्ध नगरपालिका-१, कानाकोटमा सुख्खा पहिरो खस्दा एक जना पुरुषको मृत्यु भएको छ । मृत्यु हुनेमा पर्सा जिल्लाको सखुवापर्सेनी गाउँपालिका-३, बस्ने ३८ वर्षीय दुर्जन माझी रहेको प्रहरीले जानकारी दिएको छ।

बिहीबार दिउँसो ३ बजेको समयमा वृद्धाश्रमको भवन बनाउने क्रममा माथिबाट सुख्खा पहिरो खसी सोहि भवनको दोस्रो तल्लाको पिल्लर ढली रडले टाउकोमा लाग्दा माझीको घटनास्थलमा नै मृत्यु भएको प्रहरीले जानकारी दिएको छ।

सामुदायिक रेडियो,
रेडियो निकास ९३.४
मेगाहर्ज
सुनौं र
सुनाऔं
रेडियो निकास ९३.४
हेटौंडा, मकवानपुर
The Voice of Community

भीमफेदी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भीमफेदी, मकवानपुर

५०% अनुदानमा गाईपालन प्रवर्द्धन कार्यक्रम संचालन सम्बन्धी सूचना

प्रथमपटक सूचना प्रकाशित मिति: २०८१/११/१२ गते

प्रस्तुत विषयमा भीमफेदी गाउँपालिका पशु सेवा शाखाको आ.व.२०८१/०८२ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत ५०% अनुदानमा गाईपालन प्रवर्द्धन कार्यक्रम संचालन गर्नुपर्ने भएकोले सहभागी हुन भीमफेदी गा.पा. वडा न.-४ र ५ का ईच्छुक कृषक/कृषक समुह/सहकारी/निजि फर्महरुले सूचना प्रकाशन भएको मितिले २१ दिन अर्थात मिति २०८१/१२/०३ गते भित्र उल्लेखित आवश्यक कागजात सहित सम्बन्धित वडा कार्यालयमा आवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ। साथै म्याद नाघेका तथा रित नपुगि प्राप्त हुन आएका आवेदनहरु कार्यक्रममा छनौटका लागि समावेश नहुने व्यहोरा जानकारी गराईन्छ ।

तपसिल:

| क.स. | कार्यक्रमको नाम | कार्यान्वयन हुने स्थान | लागत साझेदारी | विनियोजित रकम रु. | सञ्चालन हुने क्रियाकलाप | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ५०% अनुदानमा गाईपालन प्रवर्द्धन कार्यक्रम | भीमफेदी गा.पा. वडा नं.४ र ५ | ५०% | १०,००,०००।- | उन्नत जातको दुहुना गाई खरिद | गाईपालन प्रवर्द्धन कार्यक्रम संचालन मापदण्ड, २०८० अनुसार लागु हुने |

आवश्यक कागजात:
१. सम्पर्क नं. सहितको आवेदन,
२. आवेदकको नागरिकता वा परिचय खुल्ने कागजातको प्रतिलिपि,
३. सम्बन्धित वडा कार्यालयको सिफारिस,
४. सम्बन्धित निकायमा समुह/सहकारी/निजि फर्मको दर्ता प्रमाणपत्र/नवीकरण/स्थाई लेखा नम्बर/लेखा परीक्षण प्रतिवेदन तथा करचुक्ता प्रमाणपत्रको प्रतिलिपि,
५. कुनै पनि सरकारी निकायबाट अघिल्ला २ आ.व.मा सोहि प्रकृतिको कार्यक्रममा सहभागी नभएको भनि अनुसुचि-४ बमोजिमको प्रतिबद्वता पत्र (सम्बन्धित वडा कार्यलयमा उपलब्ध हुने),
६. समुह/सहकारीको हकमा संस्थाको निर्णयको प्रतिलिपि र कार्ययोजना ।

थप जानकारीका लागि:
भीमफेदी गाउँपालीका पशु सेवा शाखा:-
९८६०५०६८५३

नवराज अधिकारी
(अधिकृत छैठौ)

## महिला शिक्षक भलिबलको उपाधि ज्योति माविलाई

# अर्को वर्ष १८ नम्बर वडाले प्रायोजन गर्ने



*ज्योति माविको टिमलाई उपाधि प्रदान गरिँदै ।*

समाज संवाददाता

हेटौँडा : हेटौँडा उपमहानगर पालिकाको नगरस्तरीय शैक्षिक समन्वय समितिको आयोजनामा भएको मैत्रीपूर्ण महिला शिक्षक भलिबल प्रतियोगिताको उपाधि हेटौँडा-१८, हर्नामाडीस्थित ज्योति माध्यमिक विद्यालयले जितेको छ। शनिबार हेटौँडा-४ स्थित आधुनिक राष्ट्रिय माध्यमिक विद्यालयको भलिबल कोर्टमा भएको फाइनल खेलमा हेटौँडा-९ स्थित प्रगति माध्यमिक विद्यालयलाई २-१ को सेटले हराउँदै ज्योति माविले उपाधि जितेको हो।

ज्योति माविले प्रगति माविलाई २५-२२, २४-२६ र १५-१२ को सेटले हराएको हो। यस्तै, हेटौँडा-८, कमानेस्थित चन्द्रोदय माध्यमिक विद्यालय तृतीय भएको छ। शनिबार नै भएको तेस्रो स्थानको खेलमा कृष्ण आधारभूत विद्यालयलाई २-० को सोझो सेटले हराउँदै चन्द्रोदय तृतीय भएको छ। चन्द्रोदय माविले कृष्ण आधारभूतलाई २५-१९ र २५-१६ को सेटले हराएको हो।

प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुने विद्यालयले क्रमशः ७ हजार, ५ हजार, ३ हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गरेका छन्। सान्त्वनास्वरुप कृष्ण आधारभूत विद्यालयलाई नगद एक हजार रुपैयाँसहित प्रमाणपत्र प्रदान गरिएको छ। नगरस्तरीय शैक्षिक समन्वय समितिका अध्यक्ष भोगेन्द्र लुइँटेलको सभाध्यक्षमा पुरस्कार वितरण तथा समापन कार्यक्रम भएको थियो। पुरस्कार वितरण तथा समापन कार्यक्रममा हेटौँडा उपमहानगरपालिकाको सामाजिक विकास समितिका संयोजक रामकृष्ण कोइराला, वडाअध्यक्षहरु नवीन सिग्देल, अनिल बानियाँ, जुना दाहाल र रामकृष्ण थापा, राष्ट्रिय परीक्षा बोर्डको हेटौँडास्थित कार्यालयका प्रमुख कृष्णप्रसाद घिमिरेको पनि उपस्थिति रहेको थियो।

यसैबीच १८ नम्बर वडा अध्यक्ष अनिल बानियाँले अर्को वर्ष नगरस्तरीय महिला शिक्षक भलिबल प्रतियोगिता आफ्नो वडाको प्रायोजनमा आयोजना गर्ने घोषणा गर्नुभयो। यस्तै ४ नम्बर वडाध्यक्ष नवीन सिग्देलले जिल्लास्तरीय महिला शिक्षक भलिबल प्रतियोगिता आयोजना गर्ने घोषणा गर्नुभयो। नगरस्तरीय भलिबल प्रतियोगिता आयोजना गर्न करिब एक लाख रुपैयाँ खर्च भएको अध्यक्ष भोगेन्द्र लुइँटेलले जानकारी दिनुभएको छ।

## कैलाश गाउँपालिकास्तरीय फुटबल

# १० नम्बर वडाले जित्यो उपाधि



*उपाधिसाथ कैलाश गाउँपालिका १० नम्बर वडाको टिम।*

समाज संवाददाता

हेटौँडा: मकवानपुरको कैलाश गाउँपालिकामा भएको दोस्रो संस्करणको गाउँपालिकास्तरीय अन्तर वडाध्यक्ष कप फुटबल प्रतियोगिताको उपाधि वडा नम्बर-१० ले जितेको छ। शनिबार कैलाश-९ स्थित लामिटार खेलमैदानमा भएको फाइनल खेलमा वडा नम्बर ८ लाई सडनडेथमा हराउँदै साविक विजेता समेत रहेको वडा नम्बर-१० ले उपाधि जितेको हो।

खेलको निर्धारित समयमा १-१ गोलको बराबरीमा सकिएपछि नतीजाका लागि टाइब्रेकरको सहारा लिनुपरेको थियो। टाइब्रेकरमा दुवैतर्फका ५-५ जना खेलाडीले गोल प्रहार गर्दा कुनै पनि प्रहार गोलमा परिणत हुन सकेन। त्यसपछि सडनडेथमा १० नम्बर वडाले विजयी गोल गर्न सफल भएको हो। म्यान अफ द म्याच १० नम्बर वडाका गोलरक्षक विशाल वाईबा घोषित भए।

प्रतियोगिताको उपाधि विजेता १० नम्बर वडाको टिमले १ लाख रुपैयाँसहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गरेको छ भने उपविजेता टिमले ६० हजार रुपैयाँ प्राप्त गरेको छ। शुक्रबार भएको सेमिफाइनल खेलमा वडा नम्बर ७ लाई २-० गोलले हराउँदै १० नम्बर फाइनलमा प्रवेश गरेको थियो भने दोस्रो सेमिफाइनल खेलमा ५ नम्बरलाई १-० गोलले हराउँदै ८ नम्बर फाइनलमा प्रवेश गरेको थियो।

प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी १० नम्बर वडाका अनित सिड्तान, उदीयमान खेलाडी वडा-८ का विपु मोक्तान, उत्कृष्ट फरवार्ड वडा-१० का सागर बल, उत्कृष्ट डिफेन्डर वडा-१० का सूर्य थिङ, उत्कृष्ट मिडफिल्डर वडा-८ का विपु मोक्तान, उत्कृष्ट गोलरक्षक वडा-१० का विशाल वाईबा घोषित हुँदै ट्रफी प्राप्त गरेका छन्।

कैलाश गाउँपालिका खेलकुद विकास समितिका अध्यक्ष मोहन वाईबाको अध्यक्षता तथा गाउँपालिका अध्यक्ष लोकबहादुर मोक्तानको प्रमुख आतिथ्यमा पुरस्कार वितरण समारोह भएको थियो। कार्यक्रममा गाउँपालिकाका उपाध्यक्ष बालकुमार मल्लको पनि आतिथ्य रहेको थियो।

# उच्च अदालत बार एसोसिएसन हेटौँडामा भट्टराई

समाज संवाददाता

हेटौँडा : उच्च अदालत बार एसोसिएसन हेटौँडाको अध्यक्षमा मनप्रसाद भट्टराई निर्वाचित हुनुभएको छ। अर्का आकांक्षी हरिप्रसाद भट्टलाई १ मतान्तरले पछि पार्दै भट्टराई अध्यक्षमा निर्वाचित हुनुभएको हो। भट्टराईले ३३ मत प्राप्त गर्दा भट्टले ३२ मत प्राप्त गर्नुभयो।

उपाध्यक्षमा रामकृष्ण देउला निर्विरोध निर्वाचित हुनुभएको छ। सचिवमा सुजन तिमल्सिना निर्वाचित हुनुभएको छ। अर्का आकांक्षी सुवासचन्द्र अधिकारीलाई १ मतान्तरले पछि पार्दै सचिवमा सुजन तिमल्सिना निर्वाचित हुनुभएको हो। अधिकारीले ३२ मत प्राप्त गर्दा तिमल्सिनाले ३३ मत प्राप्त गर्नुभएको छ। ज्योति घिमिरेलाई १२ मतान्तरले पछि पार्दै सहसचिवमा पम्फा पुरी निर्वाचित हुनुभएको छ। घिमिरेले २६ मत प्राप्त गर्दा पुरीले ३८ मत प्राप्त गर्नुभएको छ। कोषाध्यक्षमा रिमा प्याकुरेल निर्वाचित हुनुभएको छ। ४५ मतसहित प्याकुरेल निर्वाचित हुँदै गर्दा २९ मतसहित मोहन प्रसाद ढकाल पराजित हुनुभयो।

सदस्यमा चुडा प्रसाद उप्रेती (४९ मत), ध्रुव सिंह भट्ट (४६ मत), हरिहर खतिवडा (४४ मत), एक नारायण शर्मा (३६ मत), दिपेन्द्र बानियाँ (३५ मत), केशवप्रसाद अर्याल (३४ मत), गणेश अधिकारी (३२ मत) निर्वाचित हुनुभएको छ।

यस्तै महिला सदस्यमा निशा क्षेत्री निर्विरोध निर्वाचित हुनुभएको छ। केन्द्रीय पार्षदमा केशवप्रसाद गौतम, कृष्ण प्रसाद अर्याल, शिवप्रसाद बज्जारा र श्रीराम दाहाल निर्विरोध निर्वाचित हुनुभएको छ। ७५ जना मतदातामध्ये ६७ जनाले मतदान गरेका थिए।

# चेतनामूलक नाटक प्रतियोगिता हुँदै

समाज संवाददाता

हेटौँडा: हेटौँडा उपमहानगरपालिका ४ नम्बर वडा कार्यालयको आयोजनामा चेतनामूलक नाटक प्रतियोगिता हुने भएको छ। शुक्रबार वडाध्यक्ष नवीन सिग्देलले पत्रकार सम्मेलनमार्फत् फागुन १८ गतेदेखि २३ गतेसम्म आयोजना गर्न लागेको नाटक प्रतियोगिता बारेमा जानकारी गराउनुभएको हो।

हेटौँडा-१० स्थित झलझली मल्टिकियसन स्टुडियोको व्यवस्थापनमा सामाजिक रुपान्तरणका लागि चेतनामूलक नाटक मञ्चन प्रतियोगिताको आयोजना गरिएको वडाध्यक्ष सिग्देलले बताउनुभयो। विद्यालयमा दैनिक नाटक प्रस्तुत गर्ने समूहले आधा घण्टाको नाटक प्रस्तुत गर्नुपर्ने उहाँले बताउनुभयो। भौतिक विकाससँगै मानवीय चेतनाको विकास, कला संस्कृतिको प्रवर्द्धन गर्ने उद्देश्यले हेटौँडा उपमहानगरपालिका ४ नम्बर वडा कार्यालयको आयोजनामा नाटक प्रतियोगिता हुने उहाँको भनाइ छ। नाटक प्रतियोगितामा वडाका ६ वटा सामुदायिक विद्यालय, ५ वटा निजी विद्यालय र बाल सञ्जालको सहभागिता रहनेछ।

समाजमा रहेका विकृति, विसंगति, कुरीति, अन्धविश्वास, लागूऔषध दुर्व्यसनी न्यूनीकरण गर्नका लागि सचेतनामूलक कार्यक्रम गर्न लागेको ४ नम्बर वडाको शैक्षिक गुणस्तर सुधार समिति अध्यक्ष श्रीराम दहालले बताउनुभएको छ। विभिन्न दुर्व्यसनी विरुद्धको सचेतनामूलक नाटकको प्रस्तुति रहने अध्यक्ष दहालले बताउनुभयो। फरक-फरक विद्यालयका विद्यार्थीले फरक फरक विद्यालयमा पुगेर नाटक मञ्चन गर्नेछन्। नाटक प्रतियोगिताना प्रथम, द्वितीय र तृतीय हुनेलाई क्रमशः १५ हजार, १० हजार र ५ हजार पुरस्कार प्रदान गरिने बताइएको छ।

# आगलागीबाट एकलाख रुपैयाँको क्षति

समाज संवाददाता

हेटौँडा: मकवानपुरको थाहा नगरपालिका-१०, तल्लो बिसिङ्खेलस्थित ६८ वर्षीया त्रिशुली गमालको घरमा आगलागी भएको छ। शनिबार बिहान ९ बजेर ४० मिनेटको समयमा गमालको जस्तापाता र काठबाट बनेको एक कोठे घरमा अचानक आगलागी भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ।

आगलागीबाट नगद ५० हजारसहित अन्नपात, लत्ताकपडा, भाँडाकुँडा, फर्निचरको सामान पूर्णरुपमा जलेर नष्ट भएको छ। आगलागीबाट मानवीय क्षति नभए पनि एक लाख रुपैयाँ बराबरको धनमाल क्षति भएको प्रहरीले जनाएको छ। प्रहरी टोली र स्थानीयको सहयोगमा बिहान १० बजेर ३० मिनेटको समयमा आगो पूर्णरुपमा नियन्त्रणमा लिएको प्रहरीले जनाएको छ।

# जामे मस्जिदमा तयस

समाज संवाददाता

हेटौँडा: हेटौँडा-४ स्थित जामे मस्जिद समितिको अध्यक्षमा तयस मियाँ सर्वसम्मत चयन हुनुभएको छ। शुक्रबार भएको अधिवेशनले तयसको नेतृत्वमा ११ सदस्यीय कार्यसमिति सर्वसम्मत चयन गरेको हो।

उपाध्यक्षमा मुस्तफा अन्सारी, सचिवमा सेख जहागिर र कोषाध्यक्षमा सैयदिन मियाँ चयन हुनुभएको छ। यस्तै, सदस्यमा अलिराज हुसेन, कारी अब्बास मियाँ, अन्जर साह, रेयाज अन्सारी, नासिर हुसेन, रुस्तम अन्सारी, मोहमद इमान चयन हुनभएको छ। अधिवेशनमा मकवानपुरका प्रमुख जिल्ला अधिकारी स्किम श्रेष्ठको प्रमुख आतिथ्य रहेको थियो।

# शिक्षक फुटसलको उपाधि भानु माविलाई

समाज संवाददाता

हेटौँडा: जिल्लास्तरीय शिक्षक फुटसल प्रतियोगिताको उपाधि भानु माविले जितेको छ। शनिबार भएको फाइनल खेलमा नवोदय शिशु सदनलाई ३-० गोलले पराजित गर्दै आयोजक भानु माविले उपाधि जितेको विद्यालयका शिक्षक अपेक्षा चौलागाईंले जानकारी दिनुभयो। प्रतियोगितामा सुमन थिङ, दुर्लभ दुललले समान एक-एक गोल गरेका थिए भने एक आत्मघाति गोल भएको थियो।

मकवानपुरगढी गाउँपालिकास्थित भानु माविको फुटसल मैदानमा शनिबार बिहान भएको सेमिफाइनल खेलमा कमाने एकेडेमीलाई हराउँदै नवोदय शिशु सदन र जेनिथ सेकेण्डरी बोर्डिङलाई हराउँदै भानु मावि फाइनल प्रवेश गरेको थियो। मकवानपुरगढी-३ स्थित भानु माविको आयोजना तथा थर्डआई एजुकेशन सेन्टरको प्रायोजनमा प्रतियोगिता भएको हो।

प्रतियोगितामा मकवानपुर जिल्लाका १० वटा विद्यालयको सहभागिता रहेको थियो। प्रतियोगिताको उपाधि विजेता टिमले २० हजार र उपविजेता टिमले १५ हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गरेका छन्। प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी नवोदयका डेविन श्रेष्ठ घोषित भए। यस्तै, उत्कृष्ट गोलरक्षक भानु माविका सौरभ मगर, सुमन थिङ र गोलकर्ताका नवोदयका रमेश लुईटेल घोषित हुनुभएको छ। उत्कृष्ट खेलाडीहरुलाई ट्रफी प्रदान गरिएको छ।

# गैंडाको आक्रमणबाट घाइते

समाज संवाददाता

हेटौँडा : मकवानपुरको मनहरी गाउँपालिका-६, खयरघारी मरुङ्गेतालमा गैंडाको आक्रमणबाट एक जना पुरुष घाइते भएका छन्। घाइते हुनेमा ३५ वर्षीय राम दिनेश कुशवार रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ।

ब्रमहदेवी लामिदमार मध्यवर्ती सामुदायिक वन क्षेत्रअन्तर्गत मरुङ्गेतालमा शनिबार दिउँसो १२ बजेर ४० मिनेटको समयमा कुशवार घाँस काट्न जाने क्रममा गैंडाको आक्रमणबाट मध्यम घाइते भएको प्रहरीले जनाएको छ। घाइते कुशवारलाई उपचारका लागि चितवनस्थित भरतपुर अस्पताल लगिएको प्रहरीले जानकारी दिएको छ। आक्रमण पश्चात गैंडा वनतर्फ गएको प्रहरीले जानकारी दिएको छ।

# श्यामकुमार बानियाँको म्युजिक भिडियो सार्वजनिक

समाज संवाददाता

हेटौँडा: मकवानपुरका साहित्यकार तथा गीतकार श्यामकुमार बानियाँको म्युजिक भिडियो सार्वजनिक भएको छ। भीम विराग संगीत, साहित्य, कला प्रतिष्ठानका उपाध्यक्ष बानियाँको नयाँ म्युजिक भिडियो सार्वजनिक भएको हो।

गत बिहीवार भीम विरागको स्मृति दिवसको अवसरमा सर्वश्री युट्युब च्यानलमार्फत् 'तिमी धेरै माया' नामक म्युजिक भिडियो सार्वजनिक गरिएको गीतकार बानियाँले जानकारी दिनुभएको छ। हेटौडा-५ स्थित ज्ञानोदय बालवाटिका आवासीय माध्यमिक विद्यालयको सहयोगमा म्युजिक भिडियोको छायांकन तथा सम्पादन महेन्द्र ओझाले गर्नुभएको गीतकार बानियाँले जानकारी दिनुभएको छ।

म्युजिक भिडियोमा आनन्द कार्कीको आवाज र ओमप्रकाश राईको संगीत रहेको उहाँले बताउनुभयो। नव साहित्य मिडिया प्रालिले उत्पादक गरेको म्युजिक भिडियोमा रिया श्रेष्ठ र विजयकृष्ण श्रेष्ठले अभिनय गर्नुभएको उहाँले बताउनुभयो।

लामो समयदेखि हेटौँडामा बसेर साहित्यिक क्षेत्रमा लाग्दै आउनुभएका बानियाँको यसअघि पनि विभिन्न म्युजिक भिडियो सार्वजनिक भइसकेको छ। उहाँको 'आकाश खुल्यो सुस्तरी' र 'हिमालमा घाम झुल्क्यो...' बोलका स्वदेशगान गत वर्ष फागुन महिनामा सार्वजनिक भएको थियो। गायनमा समेत रुचि राख्ने बानियाँले 'आकाश खुल्यो सुस्तरी...' आफ्नै स्वरमा रेकर्ड गराउनुभएको थियो।

गत असोजमा उहाँको आवाजमा 'शून्य शून्य...' र 'माया भन्नु...' बोलको गीत सार्वजनिक भइसकेको उहाँले बताउनुभयो। यस्तै, उहाँको मायोको घण्टी नामको गीत भने छायांकनमात्र भएको बताउनुभयो। आफूलाई बाल्यकालदेखि नै गीत संगीतमा रुचि भएकाले गीत तथा म्युजिक भिडियो सिर्जना गरेको उहाँले बताउनुभयो।

हेटौँडा रिफरेन्स ल्याबोरेटरी
ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ।
साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ।
(HRL)
खुल्ने समय: बिहान ७:०० बजेदेखि बेलुका ७:०० बजेसम्म
सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निःशुल्क र चौथो शनिबार थाइराइड जाँचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।
थप जानकारीको लागि HRL
हेटौँडा रिफरेन्स ल्याबोरेटरी
हेटौँडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

सामुदायिक रेडियो, रेडियो निकास
९३.४ मेगाहर्ज सुनौं र सुनाऔं
The Voice of Community

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगाना: हेटौँडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशक: रोजिना श्रेष्ठ, सम्पादक: सुरेश श्रेष्ठ